पोखरा महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
गण्डकी प्रदेश, कास्की
**शिक्षा महाशाखा**

पत्र संख्या: ०८०/८१
च.नं. ६२६

मिति २०८१।०१।१२

**विषय:- PMT फाराम सम्वन्धमा ।**

श्री सम्पूर्ण पोखरा महानगर पालिका भित्रका
सामुदायिक माध्यमिक विद्यालय सवै ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोतविकास केन्द्र शैक्षिक सूचना तथा व्यवस्थापन शाखाको चलानी नम्वर ७४ मिति २०८१।०१।०६ को विपन्न लक्षित छात्रवृत्ति सम्वन्धी सूचना यसै साथ राखिइएको छ सोही अनुसार गर्नुगराउनु हुन अनुरोध छ ।

हेम प्रसाद आचार्य
निर्देशक
शिक्षा महाशाखा

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)

सानोठिमी, भक्तपुर

मिति : २०८१।०१।०६

प.स.: शै.सू.व्य. २०८०/८१

च.नं. : ६४

**विषयः विपन्न लक्षित छात्रवृत्ति सम्बन्धी विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।**

**श्री स्थानीय तह (सम्बन्धित सबै)**

**श्री सामुदायिक माध्यमिक विद्यालय (सम्बन्धित सबै)**

प्रस्तुत विषयमा यस केन्द्र (समावेशी शिक्षा शाखा) को च.नं. ५९ मिति २०८०/१२/१५ को पत्र प्राप्त भै व्यहोरा अवगत गर्नुभएकै छ । उक्त पत्रको बुँदा नं ५ मा उल्लिखित कार्य देहायअनुसार गर्नुगराउनु हुन निर्देशानुसार अनुरोध छ ।

**विद्यालयका लागिः**

१. विद्यालयले https://emis.cehrd.gov.np मा लगइन गरी Profile Icon मा रहेको डाउनलोड वटनबाट निवेदन/कबुलियतनामा डाउनलोड गर्ने र २ प्रति सम्बन्धित विद्यार्थीलाई उपलब्ध गराउने ।

२. विद्यार्थीले सो निवेदन/कबुलियतनामा भएको विवरण भरेर आफ्नो र आमा, बुवा वा अन्य कोही अभिभावक भए सो मध्ये एकको हस्ताक्षर गराई विद्यालयमा पेस गर्ने । यो कार्य विद्यार्थीले बैंक खाता खोलेपछि गर्ने

३. शैक्षिक सत्र २०८० को IEMIS समयमा अद्यावधिक नगरेका कारण छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण नदेखिएमा स्थानीय तहको अनुमति लिइ शैक्षिक सत्र २०८० मा उक्त विद्यार्थीको विवरण Add गर्ने ।

४. प्रधानाध्यापकले विवरण रुजु गरी हस्ताक्षर र विद्यालयको छाप सहित उक्त निवेदन/कबुलियतनामा सम्वन्धित स्थानीय तहको शिक्षा महाशाखा/शाखामा पेस गर्ने ।

**स्थानीय तहका लागिः**

१. स्थानीय तहले आफ्नो युजरनेम र पासवर्ड प्रयोग गरी https://emis.cehrd.gov.np मा लगइन गर्ने र तहाँको Dashboard मा रहेको PPTS Menu मा क्लिक गरी Student Verification मा रहेको विवरण, विद्यालयबाट प्राप्त सम्बन्धित विद्यार्थीको निवेदन/कबुलियतनाका आधारमा छात्रवृत्तिका लागि छनौट भएको विद्यार्थी पहिचान गर्ने ।त्यसै गरी छात्रवृत्तिका लागि छनौट भएको विद्यार्थी यकिन भएपछि उक्त विद्यार्थी हाल त्यस स्थानीय तहको कुन विद्यालयको ? कुन कक्षा ? कुन विषयमा अध्ययनरत छ ? पहिचान गर्ने ।

२. हाल अध्ययनरत विद्यालय र कक्षा पहिचान भएपश्चात् विद्यार्थीको नामको पछाडि रहेको Action button Click गरेपछि देखि Dialog box मा हाल अध्ययनरत विद्यालयको IEMIS कोड, अध्ययनरत कक्षा, हालको विद्यार्थीको रजिष्ट्रेसन नम्बर राखेर Search गरेपछि विद्यार्थीको विवरण देखिन्छ र छात्रवृत्तिका लागि योग्य (Eligible) हो होइन भन्ने जानकारी प्रणालीबाट प्राप्त गर्ने ।

३. छात्रवृत्तिका लागि योग्य हो भन्ने जानकारी प्राप्त भएपछि उक्त विद्यार्थीले अध्ययन गरेको विषय, खाता खोलेको बैंकको नाम, शाखाको नाम, खाता नं र अघिल्लो कक्षाको GPA प्रविष्टि गरी Verify गर्ने।

४. यस केन्द्रबाट विपन्न लक्षित छात्रवृत्तिको वित्तीय हस्तान्तरण भएपश्चात यसरी Verify भएका विद्यार्थीको बैंक खातामा नियमानुसार रकम उपलब्ध गराउने ।

२०८१/०१/०६

रामचन्द्र शर्मा

निर्देशक